**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७८/०७९ सालको निर्णय नं. ३०९

पुनरावेदन नं. ०७४-RB-०१८९

पुनरावेदन दर्ता मितिः-२०७५।०३।०५

**मुद्दाः–** भन्सार (पासबुक धरौटी फिर्ता वा हिसाव मिलान ) ।

का.जि.,का.म.न.पा.,वडा नं. २३, न्यूरोड झोछेमा रजिष्ट्रर्ड कार्यालय रही जिल्ला छातापिपरा,नितनपुरा गा. वि. स. स्थित भगवती स्टिल इन्डष्ट्रिज प्रा. लि. को तर्फबाट ऐ. को अधिकार प्राप्त ऐ. कम्पनीको संचालक सुमित अग्रवाल..................................१ } पुनरावेदक

**विरुद्ध**

भन्सार कार्यालय, वीरगञ्ज, पर्सा.......................................................................१. } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरू निर्णय गर्ने कार्यालयः-वीरगञ्ज भन्सार कार्यालय,वीरगञ्ज पर्सा

शुरू निर्णय गर्ने अधिकारीः- प्रमुख भन्सार अधिकृत श्री सेवन्तक पोखरेल

शुरू कार्यालयको निर्णय मितिः-२०७५।०१।०३

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान् अधिवक्ता श्री दिपक घिमिरे र

विद्वान् अधिबक्ता श्री लक्ष्मी सापकोटा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्धान् उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी

**अवलम्वित नजीरः** ×

वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज पर्साका प्रमुख भन्सार अधिकृतबाट भएको मिति २०७५।०१।०३ को निर्णय उपर राजश्व न्यायाधिकरण ऐन,२०३१ को दफा ६(१) तथा भन्सार ऐन,२०६४ को दफा ६२(१) बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

1= पासबुकमा सुविधा लिई धरौटी राखी कच्चा पदार्थ पैठारी गरी विदेश निकासी गर्ने उद्योगहरूले उत्पादन निकासी गरिसकेको अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिनभित्र पासबुक तथा धरौटी फिर्ताका लागि निवेदन दिएको प्रमाण पेस नगरिएमा त्यस्तो रकम सदरस्याहा गर्नेतर्फ कारवाही गरिनेछ भन्ने मिति २०६५।०८।२३ मा गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको ।

2= भगवती स्टिल ईन्डष्ट्रिज प्रा.लि.ले पासबुक धरौटी अन्तर्गत राखेको धरौटी मध्ये उद्योगको श्रेस्ता अनुसार मिति २०६८।०२।२३ मा रू ५९,१४,५८१।- मात्र मौज्दात देखिएको छ। पासबुक रकमहरू फुकुवा भई धरौटी फिर्ता माग दावी भई रहेको अवस्थामा यस कार्यालयमा राखिएको कम्पनीको व्यक्तिगत धरौटी खाता र मुल खाताको हिसाब मिलान नभएको भनी धरौटी फिर्ता हुन नसकेको हुँदा उक्त धरौटी खाताहरू फरक पर्न गएकोले हिसाव मिलान गर्नेतर्फ कारवाही गरी पाँउ भन्ने मिति २०६८।०२।२४ मा वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज पर्सामा दर्ता भएको निवेदन-पत्र।

3= प्रस्तुत विषयमा भगवती स्टिल ईण्डष्ट्रिज प्रा.लि.ले मिति २०६८।०२।२४ मा दिएको निवेदन सम्बन्धमा एकजना भन्सार अधिकृतलाई लिखित रूपमा नै खटाई आर्थिक प्रशासनको कर्मचारीको समेत सहयोगमा र आवश्यक परे सम्बन्धित उद्योगसंग थप प्रमाण बुझि पासबुक अन्तर्गतको रकम फिर्ता भएको हो होईन यथार्थ रूपमा उल्लेख गरि प्रतिवेदन पेस गर्न लगाउनु भन्ने भन्सार विभागबाट मिति २०६८।०६।३० को आदेशानुसार मिति २०६८।०७।०१ मा वीरगञ्ज भन्सार कार्यालयलाई लेखिएको पत्र ।

4= पास बुक धरौट रकम हिनामिना भई फिर्ता नभएको भनी दिएको निवेदन उपर छानविन गरी प्रतिवेदन तयार गर्न यस विषयमा भएका सबुत प्रमाण पेस गर्नु भनी वीरगञ्ज भन्सार कार्यालयले मिति २०६८।०७।२४ मा भगवती स्टिल इण्डष्ट्रिजलाई पत्र दिई सोही मितिमा उक्त प्रा.लि.ले बुझि लिएको।

5= वीरगञ्ज भन्सार कार्यालयको मिति २०६८।०९।२० को छानविन समितिको प्रतिवेदन मिसिल सामेल रहेको।

6= पासबुकको धरौटी रकम भगवती स्टिल ईण्डष्ट्रिज प्रा.लि. र वीरगञ्ज भन्सार कार्यालयमा रहेको पासबुक धरौटी अभिलेख भिडान गर्नको लागि वीरगञ्ज भन्सार कार्यालयबाट मिति २०६९।०७।२१ मा निम्न बमोजिमको विवरण माग गरिएको:-

**1=** तहाँ प्रा. लि.ले यस भन्सार कार्यालय मार्फत पासबुक धरौटी अन्तर्गत कारोवार शुरू

गरेको मिति,

2= तहाँ प्रा.लि.को भनाई अनुसार पासबुक धरौटी हिसावमा विवाद आउनुको कारण र कहिले कुन आ.व. देखिको हिसावमा फरक देखिएको हो सो सम्बन्धि जानकारी (आवश्यक कागजातहरू समेत) उपलब्ध गराउन हुन ।

3= तहाँ प्रा.ली.ले पासबुक सुविधामा यस कार्यालय मार्फत पासबुक धरौटीमा कारोवार गरेको शुरू आ.व. देखि आ.व.२०६८/०६९ सम्मको तपसिलको ढाँचामा विवरण उपलब्ध गराउने ।

7= भगवती स्टिल ईण्डष्ट्रिज प्रा.लि.ले मिति २०६९।०७।२१ को पत्रको सम्बन्धमा मिति २०६९।०८।२२ मा वीरगञ्ज भन्सार कार्यालयलाई तपसिल बमोजिम विवरण उल्लेख गरि जवाफ दिएकोः-

1= यस प्रा. लि. ले त्यस कार्यालयमा पासबुक धरौटीको कारोवार मिति २०५८।१०।०५ मा शुरू गरेको र सो को प्रमाण संलग्न गरिएको ।

2= (क) त्यस कार्यालयद्धारा यस प्रा. लि. को ब्यक्तिगत धरौटी खाता आ.व.२०५८/०५९ देखि सुचारू रूपले कारोवार गर्दै आउदा आ.व.२०६१/०६२ मा पुराना ब्यालेन्सलाई हाल वाला खातामा अल्या नगरेको कारणले गर्दा खातामा फरक आएको हाम्रो आँकलन रहेको छ।

(ख) आ. व. २०६३/०६४ मा यस प्रा. लि. लाई प्रकृया पुरा गरी विभिन्न मितिमा फिर्ता पाएको कुल रकम रू ८२,५५,३३४।- र सोही रकम आ.व. २०६५/०६६ मा आउदा कायम रहेको मौज्दातबाट एकमुष्ट कट्टा गरेको कारणले गर्दा नै फरक आएको हाम्रो ठहर छ ।

(ग) विगत १२ बर्ष देखि कारोवार गर्दै आएको यस प्रा.लि.को केही धरौटी प्रज्ञापन पत्रहरू मुल खातामा चढाएको तर व्यक्तिगत खातामा छुट हुन गएको कारणले गर्दा पनि खातामा फरक हुन सक्ने ।

(घ) २०६१/०६२ को ब्यालेन्स पछिल्लो वर्षमा अल्या नगरिएको तथा व्यालेन्स रकमहरू नाम नखुलाई एकमुष्ट मौज्दात शाखा कार्यालयमा हिसाव मिलान गरिएको हुनुपर्ने र यस कम्पनीले पाँउनुपर्ने रकम सोही हिसाबमा समावेश हुनसक्ने स्थिति यस प्रा.लि.को ठहर छ।

यस प्रा.लि.लाई अभिलेख फरक रहेको जानकारी २०६७ सालमा थाहा पाएको र सो को जानकारी सम्बन्धित सबै पक्षसम्म पुऱ्याएको ।

8= वीरगञ्ज भन्सार कार्यालयबाट मिति २०६९।१०।१७ मा पुनरावेदक भगवती ईण्डष्ट्रिज प्रा. लि. लाई पुन निम्न विषयमा प्रमाण तथा पुष्टयाई भए सप्रमाण कागजातहरू सहितको विवरण पेस भई पासबुक धरौटी हिसाव मिलान/फिर्ता प्रकृयाको लागि विवरण पेस गर्न हुन भनी निम्न विवरण माग गरिएकोः-

१. यस कार्यालयबाट मिति २०६५।०८।२३ को गोरखापत्रमा पासबुक धरौटी रकम हिसाव मिलान वा फिर्ता दावी गर्न सूचना प्रकाशन भएकोमा तहाँबाट माग दावी नभएको र केवल २०६७ सालमा अभिलेख फरक भएको व्यहोरा जानकारी प्राप्त भएको भन्ने जवाफ प्राप्त भएको सम्बन्धमा ।

२. आ.व २०६४/०६५ मा तहाँ प्रा.लि.का कर्मचारी/प्रतिनिधी जगदिश पराजुलीले प्रा.लि. को धरौटी रकम फिर्ता लिन बाकी छैन भनी सनाखत दस्तखतलाई आधिकारिक दस्तखत मान्ने कि नमान्ने?

३. पूर्व पत्रबाट भगवती प्रा.लि.को पासबुक कारोवार शुरू गरेको आ.व. २०५८।१०।५ देखि आ.व.२०६८/०६९ सम्मको पासबुक धरौटी कारोवारसंग सम्बन्धित सम्पूर्ण प्रमाण कागजातहरू (प्रत्येक आ. व. का छुट्टा छुट्टै)माग भएकोमा सो बमोजिमका विवरण प्राप्त नभएको तहाँबाट माग भए बमोजिम पासबुक धरौटी रकम फिर्ता/हिसाव मिलान कार्यमा द्विविधा परेकोले पुनः अनुरोध गरिन्छ।

४. तहाँबाट प्राप्त जवाफमा केवल आकंलन गरिएको भन्ने जवाफ मात्र आएको र सो सम्बन्धमा ठोस प्रमाण पुष्टयाई कागजातहरू प्राप्त नभएकोले पुनः पेश गर्नू ।

9= वीरगञ्ज भन्सार कार्यालयबाट रहेको पासबुक धरौटी अभिलेख भिडान गर्नको लागि देहाय बमोजिमको विवरण उपलव्ध गराउने आदेश भएकोले सोही बमोजिको विवरण यस पत्रसंग संलग्न गराएको भन्ने मिति २०६९।११।२२ मा भगवती स्टिल ईण्डष्ट्रिज प्रा.लि.बाट पेश गरेको पत्रः-

१. यस प्रा.लि.का कर्मचारी/प्रतिनिधि स्व.जगदिश पराजुलीलाई भन्सारसित सम्बन्धित कामको लागि मात्र आधिकारिक दस्तखत प्रदान गरिएको थियो। यस कम्पनीबाट उहालाई आर्थिक कारोवार गर्नको निम्ति कुनै पनि अधिकार नदिएको ।

२. आ.ब.२०६८/०६९ सम्मको पासबुक धरौटी कारोवारसंग सम्बन्धित सम्पूर्ण प्रमाणहरू (प्रत्येक आ.ब.का छुट्टाछुट्टै) माग भएकोमा सोही बमोजिमको विवरण उपलब्ध गराएको ।

३. यस प्रा.लि.ले आ.ब. २०५८/०५९ देखि २०६०/०६१ सम्मको पासबुक धरौटीमा रहेको विवरण हिसाव मिलान गरी फिर्ताको लागि त्यस कार्यालयमा दर्ता नं ३६०० मिति २०६१।१०।०६ बाट दर्ता गराएको टिप्पणी र आदेशको प्रतिलिपी ।

10= भन्सार नियमावली, २०६४ को नियम ५८ ले बढी असुली भएको भन्सार महशुल वा जरीवाना फिर्ता दिइने ब्यवस्था गरेकोमा निवेदक कम्पनीले राखेको धरौटी रकम मालबस्तु निर्यात गरी फिर्ता माग गरेको बर्षौं अवधि ब्यतित भई सकेको, एक पटक रकम फिर्ता दिने भनी निर्णय समेत भई पत्राचार भइसकेकोमा पुनः बर्षौं पछि पुनः समिति बनाई निक्यौल गर्नु पर्नेमा सो नगरी निर्णय गर्नुपर्ने आफ्नो जिम्मेवारीबाट पन्छिने कार्य गरेको छ।विपक्षीको उक्त कार्यबाट निवेदकको पेशा व्यवसाय गर्ने अधिकारमा गम्भिर आघात पुगेको हुदाँ निश्चित अवधि किटान गरी निर्णय गर्नु भनी परमादेश लगायत अन्य उपर्युक्त आज्ञा आदेश जारी गरी पाँउ भनी

भगवती स्टील इण्डष्ट्रिज प्रा.लि.ले मिति २०७२।१२।२४ मा तत्कालिन पुनरावेदन अदालत हेटौडामा पेश गरेको निवेदन-पत्र।

11= कच्चा पदार्थ पैठारी गरेको मितिले १२ महिना भित्र विदेश निकासी वा स्वदेशमा विदेश मुद्रामा बिक्री गरेको प्रमाण सहित कार्यालयमा निवेदन दिनुपर्ने र कार्यालयले निवेदन परेको १ महिना भित्र पासबुक धरौटी रकम फिर्ता वा हिसाब मिलान गरी सोको जानकारी दिनु पर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेकोमा विपक्षी निवेदकले म्यादभित्र निवेदन पेश गरी दावी गरेको भन्ने कुरा निवेदनमा खुलाउन नसकेको हुँदा विपक्षीले पासबुक धरौटी रकम फिर्ता वा समायोजनको लागि दिइएको जिकिर कानून सम्मत नहुँदा खारेज गरी पाँउ भन्ने मिति २०७३।०२।२४ मा वीरगञ्ज भन्सार कार्यालयले पेश गरेको लिखित जवाफ।

12= यसमा निवेदकको निवेदन माग बमोजिम पासबुक धरौटीको रकम फिर्ता /समायोजन सम्बन्धी विषय हालसम्म पनि विपक्षी विरगंज भन्सार कार्यालयबाट निर्णय भएको देखिन नआएकोले निवेदकले निवेदनमा उल्लेख गरेको अवधिको पासबुकमा उल्लेखित धरौटी रकमको सम्बन्धमा जो जे बुझ्नु पर्छ बुझि हिसाब गरी के कति धरौटी रकम निवेदकले फिर्ता पाँउने हो वा होईन भन्ने सम्बन्धमा कानून बमोजिम अविलम्ब निर्णय गर्नु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याई मिति २०७३।११।२३ मा उच्च अदालत जनकपुरको अस्थायी ईजलास वीरगञ्जले गरेको आदेश।

13= निवेदनमा उल्लिखित कुन कुन मितिदेखिको कुन कुन प्रज्ञापन पत्रबाट राखिएको धरौट के कती रकम पासबुक फुकुवा गरी फिर्ता वा समायोजन गर्नु पर्ने हो? पासबुक फुकुवाको लागि भन्सार ऐनले व्यवस्था गरे अनुसार म्यादभित्र निवेदन पेश गरेको छ छैन? फुकुवा हुनुपर्ने आधार कारणसहित पास बुक फुकुवाको लागि आवश्यक पर्ने सक्कल कागजातहरू पेस गर्नु भन्ने वीरगञ्ज भन्सार कार्यालय वीरगञ्ज, पर्साबाट मिति २०७४।०४।२२ मा भएको आदेश।

14= भगवती स्टिल प्रा.लि.ले तत्कालिन आर्थिक ऐन, अनुसुची- १ को दफा ११ अन्तर्गत पैठारी गरी लगेको कच्चा पदार्थ धरौटी फुकुवाको लागि सोही आर्थिक ऐनले व्यवस्था गरेको शर्त र कार्यविधि अन्तर्गतको प्रकृया पुरा गरी ठोस प्रमाण कागजातहरू पेस नगरेको हुदा सो प्रा.लि.ले एउटा निवेदन दिएको भरमा धरौटी रकम फिर्ता वा हिसाव मिलान गर्न माग गरेको निवेदन कानून सम्मत नभएकोले माग गरेको धरौटी रकम फिर्ता वा हिसाव मिलान गर्न सकिने देखिदैन भन्ने मिति २०७५।०१।०३ मा वीरगञ्ज भन्सार कार्यालय वीरगञ्ज,पर्साबाट भएको निर्णय।

15= यसमा प्रस्तुत कम्पनी मिति २०४७।०९।१६मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ४३०३ अन्तर्गत दर्ता भई धातुजन्य विविध बस्तुहरू उत्पादन गर्दै सो बस्तुको निर्यात गरी राजस्वमा योगदान पुऱ्याउदै आएको छ ।आर्थिक ऐनले व्यवस्था गरेको शर्त पुरा गरेको अवस्थामा नियमानुसार धरौटी फुकुवा वा हिसाव मिलान गर्न पाँउने कानूनी व्यवस्था अनुसार धरौट फुकुवा वा हिसाव मिलान गर्ने कार्य गराउदै आएको छ।यसैवीच उद्योगले प्रतितपत्रको माध्यमद्धारा वा प्रचलित वैंकिङ्ग कागजातको माध्यमबाट निकासी गर्ने प्रयोजनको लागि

उत्पादनमा प्रयोग हुने आवश्यक कच्चा पदार्थ र सहायक कच्चा पदार्थ पैठारी गरी सो आवश्यक कच्चा पदार्थ र सहायक कच्चा पदार्थबाट मालबस्तु उत्पादन गरी निकासी गरी उद्योगले पासबुक धरौटी अन्तर्गत राखेको धरौटी मध्ये उद्योगको श्रेस्ता अनुसार प्राप्त गर्नुपर्ने पासबुक धरौटी रू ५९,१४,५८१।- फिर्ता दिन वा हिसाब मिलान गर्नको लागि मिति २०६८।०२।२४ मा निवेदन दर्ता गराएकोमा विपक्षी कार्यालयले भन्सार विभाग समक्ष पत्राचार गरी भन्सार विभागले निवेदकले पासबुक धरौटी अन्तर्गत राखेको रकम फिर्ता दिन वा हिसाव मिलान गर्न पटक पटक पत्राचार गरेको अवस्थामा समेत विपक्षी कार्यालयले बिभिन्न बहाना देखाई फिर्ता पनि नदिने र हिसाब मिलान पनि नगरेकोले उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्ज समक्ष रिट निवेदन दर्ता गरी उक्त इजलासबाट मिति २०७३।११।२३ मा निवेदक उद्योगले निवेदनमा उल्लेख गरेको अवधिको पासबुकमा उल्लेख रकमको सम्बन्धमा जो जे बुझ्नु पर्छ बुझी हिसाब गरी के कति धरौटी निवेदकले फिर्ता पाँउने हो वा होईन भन्ने सम्बन्धमा कानून बमोजिम गर्नु भन्ने आदेश भएको अवस्था छ। धेरै समयपछि सम्मानित अदालतको आदेश कार्यान्वयन गर्न नसक्ने आशयका साथ मिति २०७४।०४।२२ मा आएर मात्र कागजात पेश गर्नु भनी सूचना प्रदान गर्नु भयो। पुनरावेदकले सबै प्रमाणहरू सहित मिति २०७४।०५।०२ मा पासबुक धरौटी अन्तर्गत राखेको रकम मध्ये रू ४२,१०,१९५।- फिर्ता प्राप्त गर्नु पर्ने भनी जवाफ दिएकोमा उक्त जवाफ र सम्मानित अदालतको फैसला बमोजिम पुनरावेदकले पासबुक धरौटी अन्तर्गत राखेको रकम फिर्ता गर्नु पर्नेमा सो रकम फिर्ता दिन नमिल्ने भनी मिति २०७५।०१।०३ मा गरेको निर्णय र सोसंग सम्बन्धित प्रतिवेदन कानून विपरित भएको हुँदा उक्त निर्णय एवं प्रतिवेदन बदर गरी पासबुक धरौटी फुकुवा भई सकेको रकम अविलम्ब फिर्ता दिने भनी फैसला गरी न्याय इन्साफ पाँउ भन्ने समेत वेहोराको जिकिर लिई पुनरावेदकको तर्फवाट यस न्यायाधिकरणमा मिति २०७५।०३।०५ मा दर्ता भएको पुनरावेदन-पत्र।

16= यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेस गर्नू भन्ने यस न्यायाधिकरणको मिति २०७५।१२।०९ मा भएको आदेश।

## ठहर खण्ड

17= नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक भगवती स्टिल इन्डष्ट्रिज प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री दिपक घिमिरे र श्री लक्ष्मी सापकोटाले वीरगञ्ज भन्सार कायार्लयबाट पुनरावेदकको पासबुक धरौटी फिर्ता नदिने गरि भएको निर्णय मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान् उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले वीरगञ्ज भन्सार कार्यालयबाट भएको धरौटी पासबुक फिर्ता नदिने गरी भएको निर्णय कानूनसम्मत नै देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

18= उपर्युक्त बमोजिमको पुनरावेदन जिकिर तथा दुवै पक्षको बहस जिकिरलाई समेत दृष्टिगत गरी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज पर्साबाट मिति २०७५।०१।०३ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

19= निर्णय तर्फ विचार गर्दा, पुनरावेदक भगवती स्टिल प्रा.लि.ले पासबुक अन्तर्गत राखेको धरौटी मध्येको मिति २०६८।०२।२३ मा रू. ५९,१४,५८१।- मात्र मौज्दात देखिएकोले व्यक्तिगत धरौटी खाता र मुल खाताको हिसाब मिलान नभएकोले धरौटी फिर्ता हुन नसकेको हुँदा उक्त धरौटी खाताहरू फरक पर्न गएकोले हिसाव मिलान गर्ने तर्फ कारवाही गरीपाँउ भन्ने मिति २०६८।०२।२४ मा वीरगञ्ज भन्सार कार्यालयमा निवेदन दिएको देखिन्छ।वीरगञ्ज भन्सार कार्यालयबाट भगवती स्टिल इण्डष्ट्रिजसंग पासबुक धरौटी अन्तर्गत कारोवार शुरू गरेको मिति, पासबुक धरौटी हिसावमा विवाद आउनुको कारण र कहिले कुन आ.व. देखिको हिसावमा फरक देखिएको हो पैठारी गरेको प्र.द.नं, मिति, परिमाण, पासबुक धरौटी महसुल निकासी, धरौटी फिर्ता सदरस्याहा रकम समेतको विवरण खुलाई पठाउनु भनी मिति २०६९।०७।२१ मा भगवती स्टिल इण्डष्ट्रिज प्रा.लि.लाई पत्र लेखि पठाएको देखिन्छ।

20= पुनरावेदक भगवती स्टील इन्डष्ट्रिज प्रा.लि.ले पासबुक धरौटीको कारोवार मिति २०५८।१०।०५ मा शुरू गरेको, आ.ब. २०६३/०६४ मा यस प्रा.लि.लाई प्रकृया पुरा गरी विभिन्न मितिमा फिर्ता पाएको कुल रकम रू ८२,५५,३३४- र सोही रकम आ.ब.२०६५/०६६ मा आउदा कायम रहेको मौज्दातबाट एकमुष्ट कट्टा गरेको कारणले गर्दा नै फरक आएको र विगत १२ बर्ष देखि कारोवार गर्दै आएको यस प्रा.लि.को केही धरौटी प्रज्ञापन पत्रहरू मुल खातामा चढाएको तर व्यक्तिगत खातामा छुट हुन गएको कारणले गर्दा पनि खातामा फरक हुन सक्ने, २०६१/०६२ को ब्यालेन्स पछिल्लो वर्षमा अल्या नगरिएको तथा व्यालेन्स रकमहरू नाम नखुलाई एकमुष्ट मौज्दात शाखा कार्यालयमा हिसाव मिलान गरिएको हुनुपर्ने र यस कम्पनीले पाँउनुपर्ने रकम सोही हिसाबमा समावेश हुनसक्ने, साथै अभिलेख फरक रहेको जानकारी २०६७ सालमा थाहा पाएको र सो को जानकारी सम्बन्धित सबै पक्षसम्म पुऱ्याएको भनी मिति २०६९।०८।२२ मा जवाफ लेखि पठाएको मिसिलबाट देखिन्छ।

21= कच्चा पदार्थ आयात गर्दा राखेको धरौटी रकम मालबस्तु निर्यात गरी फिर्ता माग गरेको बर्षौं अवधि व्यतित भई सक्दा समेत फिर्ता वा हिसाव मिलान हुन नसकेकोले निश्चित अवधि किटान गरी निर्णय गर्न भनी परमादेश लगायत अन्य उपर्युक्त आज्ञा आदेश जारी गरी पाँउ भनी भगवती स्टील इण्डष्ट्रिज प्रा.लि.ले तत्कालीन पुनरावेदन अदालत हेटौडामा निवेदन पेश गरेकोमा निवेदकको निवेदनमा उल्लेख गरेको अवधिको पासबुकमा उल्लेखित धरौटी रकमको सम्बन्धमा जो जे बुझ्नु पर्छ बुझि हिसाब गरी के कति धरौटी रकम निवेदकले फिर्ता पाँउने हो वा होईन भन्ने सम्बन्धमा कानून बमोजिम अविलम्ब निर्णय गर्नु भनी उच्च अदालत जनकपुर अस्थायी

इजलास वीरगञ्जबाट वीरगञ्ज भन्सार कार्यालयको नाममा परमादेशको आदेश जारी गरिदिएको देखिन्छ।

22= पासबुक फुकुवाको लागि भन्सार ऐनले व्यवस्था गरे अनुसार म्याद भित्र निवेदन पेश गरेको छ, छैन? फुकुवा हुनुपर्ने आधार कारण सहित पासबुक फुकुवाको लागि आवश्यक पर्ने सक्कल कागजातहरू पेश गर्नु भनी मिति २०७४।०४।२२ मा वीरगञ्ज भन्सार कार्यालयबाट पुनरावेदक भगवती स्टिल प्रा.लि.का संचालक श्री सुमित अग्रवालका नाँउमा पत्र लेखि पठाएको देखिन्छ।पुनरावेदकले धरौटी फुकुवाको लागि माग दावी गरेको अवधिको ठोस प्रमाण कागजातहरू पेस गरेको मिसिलबाट देखिन आउदैन ।

23= पुनरावेदकले पासबुकमा सुविधा लिई धरौटीमा कच्चा पदार्थको पैठारीको कारोबार गरेको भनिएको अवधिमा प्रचलित आर्थिक ऐन, २०६६ को अनुसूची-१ को दफा ११ मा बण्डेड बेयर हाउसको इजाजत नलिएका उद्योगहरुले आफ्नो उत्पादन प्रतित पत्रको माध्यामद्वारा वा प्रचलित बैंकिङ्ग कागजातको माध्यामबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै विक्री गर्ने भएमा त्यस्तो मालबस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत ) पैठारी गर्दा लाग्ने भन्सार महसूल निम्न लिखित शर्त र कार्यविधिको अधिनमा रही धरौटी राखी पैठारी गर्न पाँउनेछ भन्ने व्यवस्था गर्दै खण्ड (ग) मा यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित तयारी मालबस्तु बाह्र महिना भित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा विक्री गरिसक्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ भने खण्ड (ङ) मा यसरी निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै विक्री गरेको प्रमाण, बैंकद्वारा प्रमाणित विदेशी मुद्रा आर्जन भएको कागजात वा बस्तु विनिमम अन्तर्गत मालबस्तु निकासी भएको भए सो वापत मालबस्तु पैठारी भएको प्रमाण र उद्योग विभागको खपत अनुपातको प्रमाण सहित तोकिएको ढाँचामा उक्त धरौटी फुकुवा वा फिर्ताको लागि खण्ड (ग) बमोजिमको अवधि भित्र सम्बन्धित भन्सार कार्यालयमा निवेदन गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ । धरौटी फुकुवाको लागि खण्ड (ङ) बमोजिमको अवधि भित्र निवेदन गरेपछि पेश भएका कागजातको छानविन गरी एक महिनाभित्र धरौटी फकुवा गरिनेछ । यसरी धरौटी फुकुवा भएको विवरण पासबुकमा जनाइदिनु पर्नेछ भन्ने व्यवस्था समेत खण्ड (च) मा रहेको देखियो ।

24= पुनरावेदकले उक्त कानूनी व्यवस्था बमोजिम आ.व. २०५८/०५९ देखि २०६०/०६१ समेतको पासबुक धरौटीमा रहेको विवरण हिसाव मिलान गराएको पासबुकको प्रतिलिपि पेश गरेको भए पनि त्यस पछिको आ.व.को पासबुक पेश गर्न सकेको देखिदैन । यसबाट पुनरावेदकले प्रस्तुत मुद्दाबाट फिर्ता माग गरेको धरौटी रकम कुन आ.व.को, कुन मालबस्तु कति पैठारी गरेको र कुन मितिमा उत्पादित बस्तु निकासी गरेको वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा विक्री गरेको के हो **?** भन्ने सम्बन्धमा कानून बमोजिम स-प्रमाण धरौटी फुकुवाको लागि निवेदन गरेको देखिदैन । त्यसरी कानून बमोजिमको अवधिभित्र धरौटी फुकुवा

गरी पासबुकमा जनाउन नसकेको युक्तियुक्त कारण समेत पेश गर्न सकेको पाइदैन ।

25= त्यसै गरी भन्सार नियमावली, २०६५ को नियम ५५ को उपनियम (१) मा "**ऐन तथा नियमावली बमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा राखेको धरौटी फिर्ता लिनका लागि त्यस्तो धरौटीको प्रयोजन समाप्त भएको एक वर्षभित्र फिर्ता पाँउनु पर्ने कारण र फिर्ता पाँउनु पर्ने रकमसमेत उल्लेख गरी भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ। यस्तो निवेदनका साथमा भन्सार कार्यालयमा धरौटी राखेको निस्सा र धरौटी फिर्ता हुनु पर्ने कुनै आधार प्रमाण भए सो समेत संलग्न गर्नु पर्नेछ**"भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। उपनियम (२) मा "**उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले सात दिनभित्र निवेदकको माग बमोजिम धरौटी रकम फिर्ता दिनु पर्ने हो होईन भन्ने निर्णय गरी धरौटी फिर्ता दिनुपर्ने देखिएमा निर्णय भएका मितिले तीन दिनभित्र फिर्ता दिनु पर्नेछ। यदि धरौटी रकम फिर्ता दिनु पर्ने नभएमा निवेदकलाई कारण सहितको लिखित जानकारी दिनु पर्नेछ।**" भन्ने व्यवस्था गर्दै सोही नियमको उपनियम (३) मा "**उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ताको लागि निवेदन नपरेका धरौटी रकमको फेहरिस्त तयार गरी भन्सार अधिकृतले निर्णय गरेर पछि प्रमाण पुर्‍याई फिर्ता माग्न आएमा फिर्ता दिने गरी प्रत्येक आर्थिक वर्षको अन्त्यमा त्यस्तो धरौटी रकम राजस्व खातामा जम्मा गर्नु पर्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। पुनरावेदकले मिति २०६८।०२।२४ मा वीरगञ्ज भन्सार कार्यालयमा दिएको निवेदनमा भन्सार नियमावली, २०६५ को नियम ५५ बमोजिम आधार प्रमाण सहित धरौटी फिर्ताको माग गरेको पनि देखिन आएन ।

26= वीरगञ्ज भन्सार कार्यालयले मिति २०६५।०८।२३ को गोरखापत्रमा पासबुक सुविधा लिई धरौटी कच्चा पदार्थ पैठारी गरी विदेश निकासी गर्ने उद्योगहरूले उत्पादन निकासी गरिसकेको अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिनभित्र पासबुक फुकुवा तथा धरौटी फिर्ताका लागि निवेदन दिएको प्रमाण पेस नगरिएमा त्यस्तो रकम सदरस्याहा गर्ने तर्फ कारवाही गरिनेछ भनी सूचना प्रकाशन गरेको देखिन्छ।उक्त सूचना अनुसार १५ दिन भित्र पासबुक धरौटी फुकुवाको लागि पुनरावेदक वीरगञ्ज भन्सार कार्यालयमा गई ठोस प्रमाण कागजात पेस गरी सूचना बमोजिमको कार्य गर्नुपर्नेमा पुनरावेदकले सो नगरी मिति २०६८।०२।२४ मा आएर पासबुक धरौटी फिर्ता सम्बन्धमा वीरगञ्ज भन्सार कार्यालयमा राखिएको कम्पनीको व्यक्तिगत धरौटी खाता र मुल खाताको हिसाव मिलान नभएको भनी धरौटी फिर्ता हुन नसकेको हुँदा उक्त धरौटी खाताहरू फरक पर्न गएकोले हिसाब मिलान गर्नेतर्फ आवश्यक कारवाही हुन अनुरोध गरी वीरगञ्ज भन्सार कायार्लय वीरगञ्ज पर्सालाई पत्र लेखेको सम्म देखिन्छ।यसरी पुनरावेदकले ऐनले तोकेको अवधिभित्र पासबुक धरौटी फुकुवाको लागि ठोस कागजात पेस गरी प्रकृया अगाडी बढाउनु पर्नेमा सो गरेको देखिएन ।त्यसैले म्याद भित्र दावी नभएको धरौटी रकम कानूनतः फिर्ता वा हिसाब मिलान गर्न मिल्ने अवस्था नदेखिँदा पासबुक धरौटी रकम फिर्ता दिने फैसला गरीपाँउ भन्ने पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

27= तसर्थ,माथी उल्लिखित आधार र कारणबाट तत्कालीन आर्थिक ऐनको अनुसुची-१ अन्तर्गत पैठारी गरी लगेको कच्चा पदार्थ धरौटी फुकुवाको लागि सोही आर्थिक ऐनले व्यवस्था गरेको शर्त र कार्यविधि अन्तर्गतको प्रकृया पुरा गरी ठोस प्रमाण कागजात पेस नगरेको र एउटा निवेदन दिएको भरमा धरौटी रकम फिर्ता वा हिसाव मिलान गर्न कानून सम्मत नभएको ठहऱ्याई वीरगञ्ज भन्सार कार्यालयका प्रमुख अधिकृतबाट मिति २०७५।०१।०३ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

1= फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौ मार्फत भन्सार कार्यालय वीरगञ्जलाई दिनू।

2= प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

3= सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

4= प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज पर्सा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(टेकप्रसाद ढुङ्गाना)
अध्यक्ष

उक्त रायमा हामी सहमत छौ।

(पुष्पप्रसाद गुरागाई)
लेखा सदस्य

(गोविन्दप्रसाद अधिकारी)
राजश्व सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>

इजलास अधिकृतः-सरिता रिजाल

कम्प्यूटर टाइपः-प्रदिप तिवारी

फैसला मितिः-२०७९।०३।१६।५

प्रमाणीकरण गर्ने लेखा सदस्य

फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप